दुहुँ गाउँपालिका

# दुहुँ राजपत्र

खण्ड - २ संख्या - ५ मितिः २०७५।०५।२०

**भाग - २**

| सभाबाट स्वीकृत मिति | २०७५।०५।१३ |
| --- | --- |

## **दुहुँ गाँउपालिका लघु जलविद्युत व्यवस्थापन संचालन र नियमन कार्यविधि २०७५**

दुहुँ गाँउपालिका भित्र संचालित रहेका लघु जलविद्यत आयोजनाहरुको कुशल व्यवस्थापन , संचालन, अनुगमन र नियमन गरी जलविद्युत आयोजनाहरुलाइ दिगो र विद्युत सेवालाइ भरपर्दो र व्यवस्थित

वनाउनका लागि मिति २०७५/०५/१३ गते वसेको दुहुँ गाँउकार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "दुहरँ गाँउपालिका लघुजलविद्यत व्यवस्थापन संचालन र नियमन कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि दुहुँ गाँउकार्यपालिाले पारित गरी स्वीकृत मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "लघु जलविद्युत योजना" भन्नाले यस दुहुँ गाँउपालिकामा रहेका एक मेघावाट सम्मका साना जलविद्युत आयोजनाहरुलाइ सम्भनु पर्दछ ।

(ख)" लघु जलविद्युत व्यवस्थापन तथा नियमन समिति" भन्नाले यस कार्यविधि अनुसार दुहुँ गाँउपालिका द्वारा गठित लघु जलविद्युत व्यवस्थापन तथा नियमन समितिलाइ सम्भनु पर्दछ ।

(ग) "समिति" भन्नाले लघु जलविद्युत आयोनाहरु संचालन र व्यवस्थापन गरी रहेका समितिहरु सम्भनु पर्दछ ।

(घ) "वडा समिति" भन्नाले वडा अध्यक्षको अध्यक्षतामा वडा समिति सम्भनु पर्दछ ।

(ङ) "विधान कार्ययोजना" भन्नाले जलविद्युत आयोजना संचालन व्यवस्थापन गर्न वनेको समितिहरुको विधान कार्ययोजना सम्भनु पर्दछ ।

(च) "साधारणसभा" भन्नाले समितिहरुको विधान अनुसार हुने साधारणसभालाइ सम्भनु पर्दछ ।

**३. कार्यविधि लागु हुने क्षेत्रः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(२) घ ३ र ५ वमोजिम दुहुँ गाँउपालिका भित्रका सवै लघु जलविधुत आयोजनाहरुलाइ सचालन, व्यवस्थापन र नियमन गर्ने क्षेत्रमा यो कार्यविधि लागु हुनेछ ।

**४. लघु जलविद्युत व्यवस्थापन तथा नियमन समितिः** (१) दुहुँ गाँउपालि भित्रका लघु जलविद्युत आयोजनाहरुलाइ व्यवस्थित नियमन गर्न गाँउपालिकामा देहाय बमोजिमको व्यवस्थापन तथा नियमन समिति रहनेछ ।

(२) लघु जल विद्युत व्यवस्थापन तथा नियमन समितिको काम, कर्तव्य र अधिकारः (क) लघु जलविद्युत समितिहरुलाइ गाँउपालिकामा दर्ता गर्न सिफारिस गर्ने छ ।

(ख) नियमानुसार संचालन नभएका, निष्कृय रहेका समितिहरुलाइ भंग गर्न गाँउपालिकालाइ कारण सहितको राय लेखि पठाउनेछ ।

(ग) विद्युत महशुल निर्धारणमा एकरुपता तथा पारदर्शीता कायम गर्न मापदण्ड निर्धारण गरी समितिहरुलाइ कार्यन्वयन गर्न लगाउनेछ ।

(घ) विद्युतको क्षमताको आधारमा परिप्रयोगको मानक वनाइ कार्यान्वयन गराउने छ ।

(ङ) समिति र उपभोक्ता सम्वन्ध विस्तार गर्न सहजीकरण गर्ने छ ।

(च) जल विद्युत आयोजनाहरुलाइ सहयोग गर्न गाँउपालिकालाइ सिफारिस गर्ने छ ।

**५. दर्ता तथा अभिलेख कायम :** (१) यस दुहुँ गाँउपालिका भित्र निर्माण सम्पन्न भइ हाल बिद्युत सेवा संचालन गरीरहेका वा कुनै कारणबश विद्युत सेवा अवरुद्धरहेका सवै विद्युत व्यवस्थापन समितिहरुले यो कार्यविधि पारित भएको मितिले एक महिना भित्र देहायका कागजपत्रहरु संलग्न राखि गाँउपालिकामा दर्ताका लागि आवेदन दिनु पर्नेछ ।

(क) समितिको विधान र कार्ययोजना ।

(ख) पछिल्लो लेखा परीक्षण प्रतिवेदन ।

(ग) कुनै निकायमा दर्ताभए दर्ता प्रमाणपत्र ।

(घ) समिति चयन भएको साधारणसभाको निर्णयको छायाप्रति ।

(ङ) समितिको समग्र अवस्था झल्किने प्रतिवेदन ।

(२) अभिलेखहरुको परीक्षणको आधारमा गाँउपालिकाले समिति दर्ता गरी अभिलेखकायम गर्नेछ ।

(३) परवर्तित संरचना र कानून बमोजिम समितिहरुले आ आफ्नो विधानकार्ययोजना संशोधन गर्नु पर्नेछ ।

(४) साधारणसभामा वडा समितिलाइ अनिवार्य आमन्त्रण गर्नु पर्नेछ  वडा अध्यक्षको रहोवरमा साधारणसभा संचालन गर्नु पर्नेछ ।

**६. समिति भंग गरी साधारणसभा आव्हान गर्न सक्ने :** (१) आफ्नो विधान कार्ययोजनाको पालना नगरेका वा गाँउपालिकामा कार्यविधि अनुरुप दर्ताहुन आनाकानी गर्ने समितिहरुलाइ गाँउकार्यपालिकाको निर्णय अनुसार भंग गर्न सकिनेछ । भंग गर्नु पूर्व समितिलाइ सफाइको मौका दिनु पर्नेछ ।

(२) समिति भंग भएमा भंग भएको समितिले आफ्नो जिम्मा रहेका सम्पुर्ण सम्पत्ती र दायित्वहरु वडा कार्यालाइ वुझाउनु पर्नेछ ।

(३) समिति भंग भएको अवस्थामा नयाँ समिति चयन नभए सम्म समितिले गर्नेकार्यहरु वडा समितिले गर्नेछ ।

(४) समिति भंग भएको १ महिना भित्र वडा समितिले सम्वन्धि उपभोक्ताहरुको भेला वोलाइ समिति

चयन गरी अख्तियारी हस्तान्त्रण गर्नु पर्नेछ ।

७. **समितिहरुको काम कर्तव्य अधिकार :** (१) उपभोक्ताहरुलाइ पाएक पर्ने स्थानमा समितिको कार्यालय स्थापना गर्नु पर्नेछ ।

(२) उपभोक्ताहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(३) प्रत्येक महिनाको अन्त्यमा आय व्यय विवरण तयार गरी सम्वन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उठेको महशुल तथा दण्ड जरीवानालाइ वैकं दाखिला गरी वैक खाता मार्फत कारोवारो गर्नुपर्नेछ ।

(५) समितिले मासिक आयको १५ प्रतिशतले हुन आउने रकम अनिवार्यरुपमा मर्मत संभार कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) समितिले वैठक, साधारणसभा, सार्वजनिक सुनवाइ नियमितरुपमा गर्नु पर्नेछ ।

**८. गाँउपालिकाले यस कार्यविधि अनुसार थप नियम जारी गर्न सक्नेछ ।**

आज्ञाले,

राजेन्द्रबहादुर सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत